आज मिति २०७४ चैत ८ गते, बुधवारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा २८औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री सोमा खडका | - | शाखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल ईन्जिनियर |
| २३. श्री मन्दिरा मर्हजन | - | नायब सुब्बा |

प्रस्तावहरु :
१) नक्सा पास गर्ने सम्बन्धमा ।
२) सार्बजनिक जग्गा उपभोग गर्ने सम्बन्धमा ।
३) गोरखनाथ, सरस्वत्ती मन्दिर र टाटा सुमो पार्क व्यवस्थापन सम्बन्धमा ।
४) विबिध

१) प्रस्ताव नं १ नक्सा पास गर्ने सम्बन्धमा छलफल गर्दा भुकम्प पिडितहरुले घर बनाउने क्रममा देखा परेका समस्याहरुको बारेमा प्रत्येक वडाबाट ७ दिन भित्रमा एकिन गरी नगरपालिकामा लेखि पठाउने र नगरपलिकाबाट अन्यत्र (गुठी-गठी संस्थान, बेनिस्सा/स्वबासी - मालपोत, मोही/हदबन्दी - भुमिसुधार मन्त्रालय) सम्बन्धित तालुक कार्यालयमा आवश्यक प्रक्रिया अगाडी बढाईदिनको लागी अनुरोध गर्ने ।

२) प्रस्ताव नं २ सार्वजनिक जग्गाको उपभोग र संरक्षण सम्बन्धमा छलफल गर्दा कानुनी सल्लाहकारको राय लिएर आवश्यक प्रक्रिया अगाडी बढाउने ।

३) प्रस्ताव नं ३ गोरखनाथ, सरस्वत्ती मन्दिर र टाटा सुमो पार्क व्यवस्थापन सम्बन्धमा छलफल गर्दा हालसम्म वडा नं ७ मा रहेको टाटा सुमो पार्क व्यवस्थापनको लागी मिति २०७४/१०/२२ देखी लागु हुने गरी ६ जना, २ नं वडामा ४ जना र ८ नं वडामा मिति २०७४/१०/२१ देखी लागु हुने गरी २ जना र गोरखनाथ सरस्वत्ती मन्दिरमा मिति २०७४/०८/०१ देखी लागु हुने गरी व्यवस्थापनको लागी ४ जना गरी जम्मा १६ जनालाई असार मसान्त सम्मको लागी रु८०००/- रकम पारिश्रमिक तथा खाजा खर्च दिने । त्यस पछाडी अन्य पक्रिया कार्यपालिकाको निर्णय अनुसार हुने ।

४) विविध
क) लगानी बोर्डको मिति २०७४/११/२८ को पत्रबाट लेखी आए बमोजिम MOU गर्न स्वीकृत दिने ।

ख) संघसंस्था, वातावरण तथा सरसफाई शाखा लगायतका सामाजिक काम गर्नको लागी सामाजिक विकास शाखा स्थापना गर्ने ।
ग) काठमाडौं तराई/मधेस द्रुतमार्ग निर्माण गर्ने सम्बन्धमा नेपालको गौरबशाली आयोजना काठमाडौं तराई/मधेस द्रुत सडक निर्माण कार्यमा बिभिन्न अवरोधहरु भइ रहेको बर्तमान अवस्थामा उक्त राष्ट्रिय आयोजना निर्बाध रुपमा सम्पन्न गर्न यस नगरपालिकाको ध्यानाकर्षण भएको र यस नगरपालिका भित्रको भुगोल भई उक्त मार्ग निर्माण गर्न काठमाडौं तराई/मधेश द्रुतमार्ग निर्माण आयोजनालाई पूर्ण रुपमा सहयोग गर्ने र अवरोध नहुने प्रतिबद्धता सहित बागमती नदी सरसफाई लगायत व्यवस्थित बनाउने कार्य समेत गर्नको लागी अनुरोध गर्ने ।
घ) माता दक्षिणकाली रोडा ढुगा तथा बालुवा प्रा.लि संचालनको लागी अनुगमन समितिको प्रतिवेदन, वडा कार्यालय २ र वडा कार्यालय ७ बाट आएको सिफारिस, सर्जमिन मुचुल्का र प्राबिधिक प्रतिवेदनको आधारमा उपयुक्त देखिएकोले आवश्यक बिषयमा सम्झौता गरी संचालन गर्न उद्योगलाई अनुमति दिने ।
ङ) वडा नं ७ मा रहेको टाटा सुमो पार्क व्यवस्थित बनाउनको लागी ईष्टिमेट बमोजिमको रु१५,००,०००/- रकम भुक्तानीको लागी स्वीकृत गर्ने ।
च) वडा नं ३ को योजना तथा कार्यक्रमको लागी नगरसभाबाट बजेट बिनियोजन गर्दा पूर्वाधारका योजनामा समाबेश भएकोले वडाबाट लेखी आए बमोजिम देहायको योजनालाई कार्यक्रममा संशोधन गर्ने ।

- माटो परिक्षण, श्री कृष्ण महिला उद्यमी, कृषि समुह
- सेतिदेवा सामुदायिक स्वास्थ्य केन्द्र
- युवा क्लब, खेलकुद कार्यक्रम